स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय कृत्रिम बौद्धिकता (एआई)को प्रयोग गरेर बनाइएका भिडियो र तस्वीरले सेलिब्रिटीदेखि सर्वसाधारणलाई हैरानी दिने क्रम बढेको छ । पछिल्लो महिना नाम चलेका बलिउड अभिनेत्रीहरु एआईद्वारा निर्मित डीप-फेक भिडियोको सिकार बने । यो सूचीमा थपिएकी छिन् अभिनेत्री तथा मोडल अदिती बुढाथोकी । बुधबार इन्स्टाग्रामबाट वक्तव्य जारी गर्दै अदितीले एआईको दुरुपयोग गरेर नक्कली भिडियो बनाइएको र यसरी आफ्नो चरित्र हत्या गरिएको भन्दै आपति जनाएकी छिन् ।

आजको विचार...



नागरिक... (दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



अभिनेता सलोन बस्नेत बुवा बन्ने भएका छन् । उनकी पत्नी करिश्माले मंगलबार बेलुका टिकटकबाट 'प्रेगनेन्सी' घोषणा गरेकी छन् । आफूहरु अभिभावक हुन लागेको खुसी साट्न उनीहरुले केक पनि काटेका छन् । सलोन र करिश्माले एकापसमा केक चखाएर खुसी साटेको देख्न सकिन्छ । केकमा '२०२४ को मेमा आउँदै' लेखिएको छ । जसअनुसार करिश्माले आगामी मे महिनामा सन्तानलाई जन्म दिनेछिन् । साथै भिडियोमा प्रेगनेन्सीको भिडियो एक्सरेको रिपोर्टलाई पनि देखाइएको छ ।

❑ वर्ष २९ ❑ अंक १२२ ❑ २०८० मंसिर १४ गते बिहीबार 30 November 2023, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### 'गाजामा भोकमरीको संकट उच्च छ'

(रासस/एएफपी) —


**रोम,** मंसिर १३/गाजा क्षेत्रमा निरन्तर खाद्यान्न आपूर्ति जारी राख्न नसके विशेषगरी महिला तथा बालबालिका भोकमरीको जोखिममा रहने संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले चेतावनी दिएको छ । डब्लुएफपीले इजराइल र हमासबीच चार दिने युद्धविराम सुरु भएपछि शुक्रबारदेखि गाजामा एक लाख २१ हजार एक सय ६१ मानिसलाई खाना उपलब्ध गराएको बताएको छ । पछिल्लो समय मंगलबार दुई दिनका लागि युद्धविराम थपिएको छ । डब्लुएफपीले अनुमान गर्दै भनेको छ, 'यदि डब्लुएफपीले निरन्तररूपमा खाना पुऱ्याउन सकेन भने गाजाको जनसंख्या र विशेषगरी महिला तथा बालबालिका भोकमरीको उच्च जोखिममा पर्नेछन् ।' खाद्यान्नको निर्बाध र नियमित आपूर्तिका लागि आह्वान गर्दै उसले युद्धविरामका लागि छ दिन कुनै सार्थक प्रभाव पार्न पर्याप्त नभएको बताएको छ । गाजामा संकट सुरु भएपछि डब्लुएफपीले सात लाख ५९ हजार ८२ मानिसलाई खाद्यान्न उपलब्ध गराइसकेको छ ।

# रैथाने बाली जोगाउनै मुस्किल

## संरक्षणमा छैन स्थानीय सरकारको ध्यान

रामचन्द्र रायमाझी—

**पाल्पा,** मंसिर १३/पाल्पाको माथागढी गाउँपालिका-४, झडेवाका जीवन रायमाझी चार दशकअघि अनदी जातका धान खेती गरेको अहिले पनि सम्झिरहन्छन् । चार दशकअघिसम्म उनको खेतमा गरिने खाद्यान्न र तरकारी बाली रैथाने थिए । खेतैभरि लहरै अनदीको धान फल्दा रायमाझीको मन फुरुंग हुन्थ्यो । आलोपालो गरी गाउँलेले धान रोप्थे । अहिले हाइब्रिड जातको बाली लगाउँदा कृषि उपजको कमाइ केही बढ्ने गरेको देखिए पनि खानमा स्वस्थकर र पोषिलो हुने रैथाने खाद्यान्नको बिउ हराउँदा भने उनलाई



चिन्ता लागेको छ । रैनादेवी छहराका किसान विष्णु पोखरेल पहिले-पहिले विषादी र रासायनिक मलको प्रयोगविना खेती हुने रैथानेबाली अहिले हराइसकेको बताउँछन् । उनले भने, 'अहिले आधुनिक खेती प्रणालीको नाममा माटो र वातावरण बिगार्ने काम मात्र भइरहेको छ, रैथाने जातका धान, गहुँ लगायतका बालीको बिउ पाउनै मुस्किल भइसकेको छ ।'

सोही ठाउँकी मञ्जु पौड्याले पनि उहिले बारीमा पाइने सानो तिते करेलाको बिउ नै पाइन छाडेको बताउँछिन् । 'बिउ हराएसँगै सानो डल्ले प्रकृतिको करेलो नै हरायो । जब बजारमा लामा लामा बिउ आउन थाले करेला मात्र होइन टमाटरको बिउ समेत पाइन छाड्यो' उनले भनिन् । वैशाखतिर बारीमा मकैसँग छरिने काँक्रो पनि हराएको पौड्यालको भनाई छ । 'बिउ राख्ने चलन नै हरायो । बजारमा धेरै फल्ने हाइब्रिड जातको बिउ आउन लागेपछि स्थानीय रैथाने जातको बिउ नै हरायो' उनले भनिन् ।

गुल्मी इस्मा गाउँपालिका-२ की कमला मल्ल बारीभरी पहिले गहुँखेती गर्थिन् । रैथाने केराउ खेती पनि हुन्थ्यो । गाउँभरी नै यसको खेती हुन्थ्यो । 'अहिले अधिकांस खेतबारी बाँझो भयो । खेती किसानी गरे पनि गहुँ र केराउ हुनै छोड्यो,' उनले भनिन् । सेरा, लसाहा, टारी, छल्दीपनाहाका फाँटहरुमा अनदी धान फल्थ्यो । ढाँडाका बलबहादुर आचार्यका अनुसार हिजोआज केहीले मात्रै उक्त धान लगाउँछन् । 'अनदी धान गाउँमा खोज्दा पाईंदैन,' उनले भने । सोही ठाउँकी लक्ष्मी रानाका अनुसार बारीमा १/२ मुरी लट्टे फल्थ्यो । गहुँ, जौ र फापर हुन्थ्यो । 'अहिले खेती हुनै छाड्यो' उनले भनिन्, 'गाउँमा युवा बस्दैनन् । बुढाबुढी सहरबाट चामल लगेर खान थाले । भएका केहीले बजारबाटै धानको बीउ किनेर रोप्न थालेका छन् ।' उनका अनुसार रैथाने बाली धेरै नफल्ने र बढी समय लाग्ने भएकाले स्थानीयले बजारमा धेरै फल्ने हाइब्रिड जातको धान, मकैको बिउमा बल गरे । दशक अघिसम्म ग्रामीण भेगमा रैथाने जातको धान, गहुँ र लट्टे जातका बालीको खेती गरिन्थ्यो । अहिले यी खेती गर्न छाडिएको छ । धान, मकै, कोदोको खेती गरिए पनि बीउ सहरबाट लैजाने गरिएको छ । यसमा रासायनिक मल राखेर फलाउने गरिएको छ ।

हाइब्रेडले बजार लिएपछि पाल्पा र गुल्मीमा रैथाने बाली नासिँदै गएको छ । यहाँका केही ठाउँहरुमा धान, मकै र कोदो रोप्ने गरिए पनि त्यो रैथाने बिउ होइन । ति बिउमा रायायनिक मल हालिने गरिएको छ । हाल उपभोगमा रहेको तरकारीका जातमा झण्डै ९० प्रतिशत उन्नत छन्, भने १० प्रतिशत मात्र रैथाने छन् । वर्षौंअघिसम्म खेती गरिने धान, मकै, कोदो, विभिन्न तरकारी जस्ता रैथानेबाली लोप भइसकेका छन् । केही गैरसरकारी एवं सरकारी संस्थाले बढी उत्पादनको आशा देखाएर कृषकलाई विषादी प्रयोग गर्न लगाउँदा रैथानेबाली लोप हुन पुगेको हो । स्वास्थ्यका दृष्टिकोणले रैथाने बाली राम्रो भए पनि त्यसको संरक्षण र प्रवर्द्धनमा यहाँका अधिकांस स्थानीय सरकारले चासो देखाएका छैनन् । हरेक वर्षको बजेटमा कृषिलाई प्रथामिकतामा राखेर बजेट छुट्याए पनि यस्ता रैथाने बिउको संरक्षणमा उनीहरुको ध्यान छैन । स्थानीय सरकारले लाखौंका कृषि सामग्री खरिद गरेर कृषकलाई अनुदानमा बाँड्छन् तर सबैभन्दा बढी पौष्टिक तत्व पाइने ती रैथानेबाली जोगाउने विषयमा मौन छन् ।

## बस दुर्घटनामा २ को मृत्यु, ३४ घाइते




**पाल्पा,** मंसिर १३/पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको ब्यास नगरपालिका-१२ घाँसीकुवामा बस दुर्घटना भएको छ । धनकुटाबाट मुग्लिनहुँदै पोखरातर्फ जाँदै गरेको ग.१ ख ७८९५ नम्बरको बस बुधबार बिहान दुर्घटना भएको हो ।

दुर्घटनामा बसका सवार २ जनाको मृत्यु भएको छ भने चालकसहित ३४ जना घाइते भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । मृत्यु हुनेहरूमा धनकुटा सागुरीगढी गाउँपालिका-९ बस्ने ४५ वर्षीय हस्त राई र हालसम्म स्थायी ठेगाना नखुलेका अन्दाजी ५५ वर्षीय टोपबहादुर मगर रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका राईको दमौलीस्थित रत्नहरी मेमोरियल अस्पताल र मगरको दमौली अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । अन्य घाइतेमध्ये ५ जनाको दमौली अस्पताल र १९ जनाको रत्नहरी मेमोरियल अस्पतालमा उपचार भइरहेको छ भने ९ जनालाई थप उपचारको लागि मणिपाल शिक्षण अस्पताल रिफर गरिएको छ । घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेको र १ जना उपचार पश्चात डिस्चार्ज भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । बस आफैं अनियन्त्रित भई सडकबाट करिब २० मिटर तल खसेको जनाइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

यस मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्थाबाट विभिन्न शिर्षकमा कर्जा लिनुभएका ऋणीहरुले नियमित रुपमा बुझाउनुपर्ने सावाँ र व्याजको किस्ता रकमहरु यही मंसिर २५ गते सोमबार, कार्यालय समयभित्र अनिवार्य रुपमा बुझाउनु हुन सूचित गरिन्छ । अन्यथा संस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाइने यसै सूचनामार्फत जानकारी गराईन्छ ।

**श्री मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क : ०७५-५२१४०५,९७६२५९०८०५**

## सुत्केरीको मृत्युपछि चिकित्सक माथि हातपात

**लुम्बिनी,** मंसिर १३/अस्पतालमा सुत्केरी गराएकी एक महिलाको मृत्युको विषयलाई लिएर मृतकका आफन्तहरुले सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा) बुटवलका मेडिकल सुपरिटेन्डेन्ट डा. राजेन्द्र बस्यालमाथि हातपात गरेका छन् ।

सुत्केरी गराउन सोमबार अस्पताल आएकी गुल्मी ठूलो लुम्पेककी ३२ वर्षीय भवानी रास्कोटीको सुत्केरी पछि मंगलबार मृत्यु भएको विषयलाई लिएर विवाद बढेपछि मृतकका आफन्तहरुले अस्पतालका चिकित्सक मेसु डा. बस्यालमाथि हातपात गरेका हुन् । नवजात शिशु भने सकुशल भएको अस्पताल व्यवस्थापनले जनाएको छ । सुत्केरीपछि पनि सामान्य स्वास्थ्य अवस्थामा रहेकी महिलाको मंगलबार




मृत्यु भएको विषयमा उनका आफन्तले कारण जान्न खोज्दा विवाद भएको थियो । विवाद सुल्झाउन राति अबेरसम्म वार्ता भइरहेको अवस्थामा मृतकका आफन्त अस्पताल व्यवस्थापन बीच विवाद बढ्दा अस्पतालका मेसु डा.बस्याल माथि हातपात भएको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक दानबहादुर थापाले बताए । उनले घटनाका बारेमा थप अनुसन्धान भइरहेको समेत जानकारी दिए । घाइते डाक्टरको लुम्बिनी प्रादेशिक अस्पतालको आइसियू कक्षमा उपचार भइरहेको छ । विवादका क्रममा चिकित्सक माथि हातपात गर्ने मृतकका आफन्तमध्येका केही व्यक्तिलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक थापाले बताए । लुम्बिनी चिकित्सक संघका सचिव डा. सन्तोष पोखरेलले चिकित्सकमाथि हातपात हुनु गलत भएको बताए । उनले चिकित्सकमाथि हातपात गर्ने जो कोही भए पनि कानुनी कारवाही गर्न माग गरे । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जलवायु सम्मेलनबाट अपेक्षा

विश्वव्यापी जलवायु परिवर्तनले सिर्जना गरेका बहुआयामिक समस्या समाधान गर्न वार्षिक रूपमा गरिने जलवायु सम्मेलन यस वर्ष बिहीबारदेखि विधिवतरुपमा सुरु हुँदैछ । यूएईको दुबईमा डिसेम्बर १२ सम्म सञ्चालन हुन गैरहेको जलवायु परिवर्तनसम्बन्धी २८ औँ सम्मेलन (कोप-२८) लाई लिएर विश्वभर नै अपेक्षा बढिरहेको छ । त्यसबाट नेपाल पनि अछुतो छैन । नेपाललगायत १६० भन्दा धेरै देशहरुको संलग्नता रहने यो सम्मेलन जलवायु परिवर्तनको सन्दर्भमा निकै महत्वपूर्ण रहने छ । जलवायु परिवर्तन विश्वभर पेचिलो विषय बन्दै गइरहेको छ । त्यसको असर नेपालले पनि नराम्रोसँग भोग्नु परेको छ । जलवायु परिवर्तनको सन्दर्भमा नेपाल कारक नहुँदा नहुँदै पनि त्यसको असर प्रत्यक्षरुपमै भोग्न विवश छ । यसर्थ पनि यस वर्षाको विश्व जलवायु सम्मेलनलाई गम्भीरताका साथ हेरिएको छ ।

सम्मेलनको सुरुमा हुने शिखर सम्मेलनमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित १६० देशका राष्ट्र वा सरकार प्रमुखले सम्बोधन गर्ने कार्यक्रम छ । जलवायु परिवर्तन वर्तमान विश्वको प्रमुख चुनौती रहेको अवस्थामा यो सम्मेलनले सकरात्मक सन्देश प्रवाह गर्ने धेरैले अपेक्षा पनि गरेका छन् । विशेषगरी पछिल्ला अध्ययन प्रतिवेदनहरूले अपेक्षा गरेभन्दा बढी विश्वको औसत तापक्रम वृद्धि भएको र यसले पृथ्वीको प्राकृतिक प्रणाली तथा मानव अस्तित्वलाई समेत चुनौती दिएको अवस्थामा साच्चिकै यो सम्मेलनले एउटा ठोस कदम चाल्न सक्ने अनुमान गर्न सकिन्छ र गर्नु पनि पर्छ । यो सम्मेलनलाई विकासशील मुलुकहरू संवदेनशील भएर आफ्ना राष्ट्रिय दृष्टिकोण विश्वसामु राख्नुपर्ने छ । जलसँग जीवन जोडिएको छ । मानिसको मात्र होइन, तमाम पर्याचक्रका जीव तथा वनस्पतिको जीवनसँग पानी जोडिएको छ । मौसमी चक्र खल्बलिन नदिन अब स्वच्छ ऊर्जाको भविष्यतिर अग्रसर हुनु अहिलेको आवश्यकता हो । तसर्थ कोप-२८ लाई जलवायु संकटबाट अति जोखिममा परेका तथा हरित गृह ग्याँसको उत्सर्जनमा नगण्य योगदान रहेका नेपाल जस्ता राष्ट्रलाई न्याय प्रदान गर्न सार्थक रहन्छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

## Opinion @ Social Network


एकदिन अनुहार चाउरिने छ । शरीर गल्ने छ र बिस्तारै बिस्तारै चितामा जलेर जानेछ । तैपनि मानिस बाचुञ्जेल यो धर्तीमा तछाडमछाड गरिरहने छ ।
*(रूमु न्यौपानेको फेसबुकबाट https://www.facebook.com/ru.mu2)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नागरिक असन्तुष्टिले अन्ततः राजनीतिक परिवर्तन सुनिश्चित गर्छ



**प्रा. देवीभक्त ढकाल**

अहिले वास्तवमा राजनीतिक नेतृत्वको कार्यशैली र जीवनशैलीप्रति नेपाली नागरिकको असन्तुष्टि इतिहासमै चुलिएको छ । यसलाई नेपालका पार्टीका वरिष्ठ ठेकेदारहरूले लोकप्रिय बन्न भाषणमा स्वीकार गर्छन् । तर, व्यवहारमा स्वीकार नगर्दा असन्तुष्टि दिनप्रतिदिन बढ्दो छ । त्यस असन्तुष्टिको कारण हामी हौं र समाधान पनि हामी गर्छौं भन्ने खाका सार्वजनिक गर्ने हिम्मत जिम्मेवारीमा हुने नेताहरूले किन गर्दैनन् ? त्यो इमानदारी प्रदर्शन गर्न सबै दलका सबै नेता-कार्यकर्ता सत्तामा हुँदा चुकेका छन् । दुर्भाग्य उनीहरू आफैंमात्रै ठीक हुँ भनेर एकोहोरो भुकेका छन् । जनताको बुझाइको निष्कर्ष के छ भने हालसम्म सत्तारुढमात्रै होइन प्रतिपक्षी नेतृत्वमा हुनेहरूसमेत भ्रष्ट छन् । कसैसँग प्रजातान्त्रिक चरित्र छैन । भ्रष्ट र सत्ता आलोपालो गर्नेहरूबाट राजनीतिक निकास निस्कँदैन भन्ने जनताको निष्कर्ष छ । जनता भित्रभित्रै आन्दोलित छन् । यो आन्दोलन परालको आगोजस्तै एक्कै पटक दन्कने निश्चित छ । यो जान्दाजान्दै आफ्ना कमजोरीलाई सुधार गर्न किन अग्रसरहुँदैनन् ? सुधारको सुरुवात नगर्दा असन्तुष्टि एकपछि अर्को हुँदै चुलिन्छ । प्रकृतिको नियम हो चुलिएपछि घोप्टिन्छ । यस्तो अवस्थामा घोप्ट्याउन ठूलो शक्ति चाहिँदैन । कतै त्यो चुलिएको असन्तुष्टिलाई घोप्ट्याउने काम यसअघि राजनीतिले नचिनेको व्यक्तिले गर्ने त होइन ?

असन्तुष्टि उत्पादन आफूले गर्ने र असन्तुष्टिको दुरुपयोग प्रसाईले गरे भनेर पानीमुनिको ओभानु हुन खोज्नु राजनीतिक अपराध हो । हलको जनअसन्तुष्टि उत्पादन गर्ने माओवादी, एमाले र कांग्रेसका नेता नै हुन् । हिजो यी पार्टीका नेताहरू जनताको असन्तुष्टिको नेतृत्व गर्थे । अहिले यिनीहरू नै असन्तुष्टि उत्पादनका कारखाना बने । जनताको असन्तुष्टिको नेतृत्व जसले गर्छ त्यो नै सक्कली नेता हो । राजनीतिमा असन्तुष्टिको प्रतिनिधित्व गर्नु जनताको भावनालाई आत्मसात गर्नु हो । हालको असन्तुष्टिको वास्तविक नेतृत्व गर्ने राजनीतिक नेता र पार्टीको अभाव नै नेपाली राजनीतिको दुर्भाग्य हो । नेपाली राजनीतिज्ञहरूले आफू व्यक्तिगत हितबाहेक जनहितमा माखो मार्न सकेनन् । सक्नेहरूलाई बाटो छेक्नेहरूको सशक्त सञ्जालले राजनीतिलाई निकास शून्य बनायो । आफूले अवसर पाउँदा जनहितमा सिन्को नभाँच्ने अर्कोलाई बाटो छेक्ने काम यिनै तीन पार्टीका शीर्ष नेताहरू गर्छन् । दशकौंदेखि विकृति उत्पादन गर्दै सत्ता र शक्तिको चरम दुरुपयोग गरेका कारण राजनीतिका वर्तमान मुखियाहरूले जनविश्वास गुमाएका छन् । नेपालको राजनीति दुई-चारजना नैतिकता, इमानदारी र विश्वास शून्यहरूको कब्जामा छ । ठूला पार्टीका ठूला नेताहरूबाट नेपाल र नेपाली ठगिएका छन् । यो नेपाली जनताको निष्कर्ष हो । गठबन्धनको संस्कृति त्यसको उदाहरण हो । राजनीतिले गन्तव्य नलिनुको मुख्य कारण प्रणाली होइन राजनीतिक व्यक्ति र तिनीहरूको अनैतिक, स्वार्थी र भ्रष्टाचारी चरित्र हो । लोकतन्त्रको विकल्प लोकतन्त्र हो भन्नेहरू भ्रष्टाचारीको विकल्प पनि भ्रष्टाचारी हो भन्ने जबर्जस्त सन्देश दिन्छन् । यो नेपाली राजनीतिको चुरो समस्या हो । व्यवस्था र संविधानका कमजोरीलाई सुधार गर्न सजिलो छ । तर नेतृत्व गर्ने भ्रष्ट र चरित्रहीनहरूको उपचार कठिन हुँदो रहेछ भन्ने अनुभव हामीसँग छन् । प्रजातान्त्रिक पद्धतिमा प्रतिपक्षी दलले असन्तुष्ट पक्षलाई आन्दोलनमा स्वत: सरिक गराउने र सरकार साथै व्यवस्था परिवर्तन गर्ने राजनीतिको प्राकृतिक सिद्धान्त हो । राजनीतिमा सत्तापक्षको गलत काम उधिन्ने, सार्वजनिक गर्ने र जनसमर्थन एकीकृत गर्ने र सुधार हेतु सरकार ढाल्ने दाउ कुरेर बस्ने जिम्मेवारी प्रतिपक्षको हो । प्रतिपक्षमा हुँदा कसैले पनि त्यो काम किन गरेनन् ? त्यसको मुख्य कारण हो भ्रष्ट आचरण । अहिले सत्ता र विपक्षमा हुने दुवै पक्षलाई वास्तवमा जनताको समर्थन छैन् । परिवर्तनको ठेकेदार हुँ भन्ने दम्भ र घमण्डले यिनीहरू वास्तविक परिस्थितिको आँकलन गर्ने क्षमता राख्दैनन् । आफ्ना कमजोरी आफैं केलाउने क्षमताको विकास नहुँदासम्म वर्तमान राजनीतिले किमार्थ निकास लिँदैन । सत्ताधारीहरूलाई बलात घोक्रेठ्याक लगाउने र त्यसपछि व्यवस्थित गर्ने क्षमता र योग्यता प्रतिपक्षमा भए निकास निस्कन्छ । असन्तुष्टहरूको नेतृत्व गर्ने नैतिक, इमानदार नेताको खडेरी नै निकासको मार्गमा प्रमुख बाधक बन्यो । सत्तापक्षले कमजोरीलाई नसुधार्ने हो भने नपत्याउँदो शक्तिले सत्ता हत्याउँछ ।

त्यसको उदाहरण भनेको व्यवस्था परिवर्तनपछि जनताको अवस्था परिवर्तन नगर्ने आफू र आफ्नाको मात्रै अवस्था परिवर्तन गर्ने वर्तमान शासक नै हुन् । अझ प्रष्ट भन्नुपर्दा वर्तमान सत्ता र प्रतिपक्षका नेताहरू नै हुन् । राजनीतिमा जनतालाई आन्दोलित गर्न सानुभन्दा सानु विषयवस्तु पर्याप्त हुन्छ । भ्रष्टाचार र कुशासनका यति धेरै एजेण्डा पाउँदा प्रतिपक्ष किन सधैं मौन ? आफू भ्रष्ट नभएको भए प्रतिपक्षले क्षणभरमा उछित्तो काढ्थ्यो । प्रतिपक्षको शक्ति पनि भ्रष्टाचारको जगमा उभिएकाले सत्तापक्षको उछित्तो काढ्ने आत्मबल नभएको हो । राजनीतिमा विपक्षलाई हेप्नेहरू र उनीहरूको शक्तिलाई अन्यथा अर्थ लगाउँदा, अपव्याख्या गर्दा र न्यून आँकलन गर्दा संसारमा सत्ताका शक्तिशाली ठेकेदारहरू सत्ताच्युत भएका उदाहरण थुप्रै छन् । तसर्थ जनताका असंतुष्टिका छिद्रहरूलाई सत्तपक्षले समयमै टाल्नुपर्छ । नेपाली राजनीतिमा २००७, २०१७, २०४६ र २०६२-६३ का राजनीतिक परिवर्तनपछि जनताका आकांक्षा, चाहना र भावनाप्रति नेताहरूले चरम बेवास्ता गरे । परिणामस्वरूप यसअघि सत्ताको अवसर पाएका सबै पार्टी र तिनका नेताहरूको कार्यशैली र जीवनशैलीप्रति जनतामा अहिले तीव्र असन्तुष्टि छ । त्यो असन्तुष्टिलाई एकीकरण गर्ने नेतृत्व यदि पायो भने असन्तुष्टिको विष्फोटन अवश्यम्भावी छ । जनताको असन्तुष्टि चुलिएको छ । जनअसन्तुष्टिको प्रतिनिधित्व गर्ने इमानदार नेतृत्वको अभावमा असन्तुष्टि एकीकृत र संगठित हुन नसकेको हो । असन्तुष्टिले लामो समयसम्म नेतृत्व नपाएको अवस्थामा बगेको बेलामा त्यान्द्रोले पनि बचाउँछ कि भन्ने आशले त्यान्द्रो पनि समाउँन पुग्छ । त्यस्तै अहिले गरिब, निमुखा र दबिएकाहरूको पीडाको प्रतिनिधित्व गर्न दुर्गा प्रसाई पुगेका त होइनन् ? विगतका घटनाक्रमले उनी अस्थिर हुन् भन्ने पुष्टि हुन्छ । उनमा राजनीतिक सुझबुझको कमी छ । अध्ययन पनि छैन भन्ने कुरा आफैं भन्छन् । उनी प्रष्ट छन् । प्रष्ट हुँदा उनले शक्ति सञ्चय गरेका छन् । उनी व्यवसायी हुन् । त्यसैले सानुतिनु रकमका लागि कसैसँग मुन्टो निहुँर्‍याउनु पर्दैन । गैरराजनीतिक व्यक्तिले राजनीतिको नेतृत्व गर्ने अवस्था भनेको दलहरू असफल भएको प्रमाण होइन ? पुष्पकमल र खड्गप्रसादका कमजोरीहरू उनलाई सबै कण्ठ छन् । शीर्षस्थ नेताहरूको चरित्रको नालिबेली खोल्दिन्छु भनेर निर्धक्क भन्ने हिम्मत राख्छन् । ती नेताहरूको चरित्रको उछित्तो काढ्ने शब्दावलीको पनि उनमा कमी नहुँदा ओली देउवा र दाहाल जस्ता तथाकथित शक्तिशालीलाई थर्काएका छन् । व्यक्तिगत सम्पत्तिले समाजसेवा साथै निमुखाको आवजलाई मुखरित गर्ने उनको शैली र स्वभावले जनतालाई आकर्षित गरेको सत्यलाई सबैले स्वीकार गर्नैपर्छ । एमालेको संगठित शक्तिलाग्दा, सत्ताले छेक्दा जनता तीनकुनेमा भन्दा बल्खुमा किन धेरै भए ? यति हुँदाहुँदै उनको अभियानमा राजनीतिको दीर्घकालीन गन्तव्यको सोच र योजना छैन । एजेण्डा धेरै छन् । कतिपय विवादास्पद छन् ।

तथापि यिनले वर्तमान शासनमा रहेका नेताहरू र प्रतिपक्षी नेताहरूका शासकीय र व्यक्तिगत कमजोरीलाई जनतासमक्ष पुर्‍याउने र जनतालाई यिनीहरूको विरोधमा एकीकृत गर्न सक्छु भन्ने आँट भएको कुरा आफ्ना अन्तर्वार्तामा निर्धक्क भन्छन् । नेपालका राजनीतिक परिवर्तनले जनतालाई बेवास्ता गरेको सत्य हो । नेताहरूले देशको ढुकुटी र शासकीय अधिकारलाई चरम दुरुपयोग गरेर आफ्नो र आफ्नाको बन्दोबस्त गरेकाले अहिले नेतृत्वसँग जनताको चर्को असन्तुष्टि छ । फलामलाई तातेको बेलामा हिर्काउँदामात्रै आफूले भनेको साइजमा लैजान सकिन्छ भन्ने व्यावहारिक सिद्धान्तलाई राजनीतिक अनुभव नहुँदा नहुँदै प्रसाईले पच्छ्याएको अवस्था छ । मुढाको मुख पोल्ने कला विकास गर्दा झिझाले मुढाहरू सजिलै जल्छन् । त्यसैले जनताका असन्तुष्टिलाई अमुक शक्तिले एकीकृत गर्‍यो, दुरुपयोग गर्‍यो भनेर सत्तारुढ र प्रतिपक्षले कोकोहोलो हाल्ने कि असन्तुष्टिको समाधानका सूत्रहरू एक-दुई तीन गरेर सार्वजनिक गर्ने र समस्याको अविलम्ब सम्बोधन गर्न लाग्ने ? नेताहरूले राजनीतिलाई जनहितभन्दा सत्ता प्राप्तिको हतियार बनाए । सत्ता केवल भ्रष्टाचार र अवैध आम्दानीको स्रोत बन्यो । परिणामस्वरूप असन्तुष्टि चुलिएको हो । यसलाई सत्तामा हुनेहरूले सधैं बुझ पचाए । वास्तवमा यो असन्तुष्टिको नेतृत्वको हक प्रतिपक्षी दलको हो तर प्रतिपक्षी दल जनताको अवस्था परिवर्तनतिरभन्दा आफूले सत्ता प्राप्त गर्ने र जनतालाई अल्मलाउँदै आफू र आफ्नाकै व्यवस्था गर्न पर्खेर बस्ने अवस्थाका कारण जनअसन्तुष्टिलाई प्रतिनिधित्व गर्ने अवसर प्रसाईले हात पारे । वास्तवमा प्रसाईको नेतृत्व प्रजातान्त्रिक चरित्रभन्दा भिन्नै भयो । प्रजातान्त्रिक व्यवस्थामा त जनताका असन्तुष्टिको नेतृत्व संसद्को प्रमुख प्रतिपक्षले गर्छ । त्यो नेतृत्व गर्न एमाले किन चुक्यो ? संसद् बाहिरबाट प्रसाई किन र कसरी आए ? यो भ्रष्टाचारले सिर्जना गरेको आश्चर्यको हो । सरकारका कमजोरीहरूका विषयमा आवाज उठाउने र जनताको भावनाहरूको प्रत्यक्ष प्रतिनिधित्व गर्ने हक र अवसरलाई अहिले एमालेले गुमाएका कारण तिनका नेता र कार्यकर्ताहरू छट्पटिएका छन् । अहिले वास्तवमा प्रतिपक्षी दल राजनीतिक भूमिका शून्य देखियो । सरकारमा हुनेहरूसँग विवेक, इमानदारी छैन । भ्रष्टाचारमा सबै चुर्लुम्म डुबेका छन् । यो सुनौलो अवसरलाई एकीकृत गर्न नसक्नु एमालेलेको ठूलो कमजोरी हो । जब सरकारमा रहनेहरूसँग नैतिक, चारित्रिक बल हुँदैन त्यस्तो अवस्थामा कमजोर आन्दोलनकारीको आन्दोलनसँग पनि त्रसित हुनु स्वाभाविकै हुन्छ । यस्तो अवस्थामा प्रजातान्त्रिक पद्धतिमा नेतृत्व स्वत: प्रतिपक्षी दलले लिनुपर्ने हो तर नेतृत्व उभयपक्षले लिएका कारण प्रतिपक्षी दलले होस् गुमाएको अवस्था छ । राजनीतिमा सत्तारुढ दलले होस् गुमाउँदा विवेक पुर्‍याउने काम प्रतिपक्षले गर्छ । तर, यहाँ प्रतिपक्षले समेत होस् गुमाउँदा आन्दोलनको नेतृत्व नै संसद् बाहिरबाट गैरराजनीतिक व्यक्तिले लिने अनौठो परिस्थिति सिर्जना किन भयो । यो परिस्थितिमा दलहरूले निर्मम आत्मसमीक्षा र आत्ममूल्यंकन गर्नैपर्छ ।

राजनीति सरल रेखामा हिँड्दैन भन्थे वास्तवमा यो सत्य रहेछ । राजनीतिक नेतृत्वमा नैतिकताको खडेरीका कारण एक्लो व्यक्तिको अभियानले नेपाली राजनीतिका हस्त हुँ भन्नेहरूलाई हल्लायो । दलहरूले भन्दा एक्लै प्रसाईले धेरै जनतालाई अभियानमा उभ्याउँछु भनेर खुला चुनौती दिने आँट र अवस्था किन सिर्जना भयो ? यसबारे ठूलाठूला दलका नेताहरूले आफ्नो व्यवहार, कार्यशैली र जीवनशैलीको आत्म समीक्षा र आत्म मूल्यांकन गर्नुपर्छ । दुर्गा प्रसाईले नेताहरूलाई चुनौती दिने मुख्य कारण राजनीतिज्ञहरूको अनैतिक क्रियाकलाप, कुशासन र भ्रष्टाचार हुन् । भ्रष्ट शासक कमजोरसँग पनि त्रसित हुन्छ र पराजित हुन्छ भन्थे कतै वर्तमान अवस्थाको गन्तव्य त्यतै त होइन ? ञवास्तवमा भविष्यको योजना नभएको सरकार र त्यस्तै स्पष्ट खाका नभएको आन्दोलनले द्वन्द्व र अस्थिरता सिर्जना गर्ने र देशको भविष्यलाई अझै अन्यौल बनाउने निश्चित छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

**मेष** : श्रृंगारको कार्यमा सफलता लाग्नेछ। धार्मिक कार्यमा सहभागी बन्नु पर्नेछ ।

**वृष** : नयाँ कामको समय मिल्नेछ । सुख, दुख वरावरी खालको समय छ ।

**मिथुन** : जोश जाँगर बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ ।

**कर्कट** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। जोश, जाँगर र उमङ्ग बढ्नेछ ।

**सिंह** : अँटिको र ताकेको कार्य पुरा हेला । सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ ।

**कन्या** : श्रमको उचित मुल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**तुला** : सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला ।

**वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ। धर्म, कर्ममा मनपनि लाग्नेछ ।

**धनु** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

**मकर** : आफन्तको सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**कुम्भ** : आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ ।

**मीन** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । ज्ञान सिक्ने मौका मिल्नेछ ।




पौराणिक कथा — कमल रिजाल

# रजस्वला



वराहक्षेत्र नजिक चतरामा महर्षि कण्वको गुरुकुल आश्रम थियो । आश्रममा दसौँहजार विद्यार्थी थिए, जसले एकैसाथ खानबस्न सहितको पढ्ने सुविधा पाउँथे । आयस्रोतका लागि गौशालाहरू थिए, जहाँ हजारौँ दुधालु गाई हुन्थे । सप्तकोशीबाट बग्ने चिसो हावाबाट आश्रमपरिसर यसै पनि पवित्र थियो । त्यसमाथि साँझ बिहान निस्कने शंख ध्वनि र वेदमन्त्रका गुञ्जनले थप पवित्र हुन पुगेको थियो । आश्रमको थप शोभा थिइन् मेनकापुत्री शकुन्तला, जो सप्तकोशीसित पौँठेजोडी खेल्दै र गुरुभाइहरूको 'कृण्वन्तु विश्वमार्याम्' तथा विद्ययाऽमृतमस्नुते जस्ता आर्ष वाक्य सुन्दै हुर्कँदै थिइन् । आश्रमका लागि फूल टिप्ने र आश्रम परिसरमा चर्ने मृगशावकहरूसित खेल्ने उनको दिन चर्या थियो । गुरु भाइहरूले पढेको सुनेर केही मन्त्र उनलाई पनि कण्ठ भइसेका थिए, जसलाई मनमनै गुनगुनाउने गर्थिन् ।

एक दिन सप्तकोशीमा नुहाउँदै गर्दा छातीमा सानो खटिरो देखेर छक्क परिन् । छामछाम छुमछुम गरिन, दु:खदर्द थिएन । त्यसैले त्यतातिर खासै ध्यान दिइनन् तर खटिरो भने दिनदिनै बढ्दै गएको थियो । त्यसपछि भने मनमनै सोच्न लागिन् । के हो यो ? धर्मपिता कण्व र गुरु भाइहरूको छातीमा त यस्तो छैन । मलाई मात्र किन यस्तो भएको होला ? कुनै रोग पो हो कि ? तर सोध्ने कसलाई ? आमा मेनकालाई सोधौँ जन्मदैँ बाबुको जिम्मा लगाएर गएकी थिइन् । बाबु विश्वामित्रलाई सोधौँ उनले पनि तत्कालै कोशीकिनारमा छाडेर हिँडेका थिए । धर्म पिता कण्वलाई सोधौँ कसरी सोध्ने ? वक्षस्थलमा आएको खटिराको कुरा छ । आऽजे सुकै होस् । दु:खेछ भने त्यतिबेलै हेरौँला । यस्तैयस्तै ।

समय बित्दै गयो उनको शरीरमा यौवनले थप रङ्ग देखाउन थाल्यो । प्रकति हो आफ्नो काम गर्न कहाँ छाड्छ र । कसलाई के पर्छ त्यो उसको कुरा हो । प्रकृतिसित यसको लिनुदिनु रहँदैन । मानिसले ध्यान नदिए पनि उसले ध्यान दिन छाडेको हुँदैन । बिस्तारै प्रकृतिले त्यो दिन पनि ल्यायो, जुन दिन शकुन्तलाको गुप्ताङ्गबाट रगत बगेको थियो । त्यसपछि भने अलि बढी नै डराइन् र लजाउँदै धर्मपिता कण्वसित भनिन्-

'बाबा बाबा !' ....। बोली लर्बराएकाले अगाडि बढ्न सकिनन् । छोरीको अवस्था देखेर कण्वले प्यारभरि आँखाले हेर्दै भने-

'भन पुत्री ! किन रोकियौँ । बाबु हुँ, आफूलाई लागेको कुरा ढुक्क भन्न सक्छौ ।'

बाबुको कुराले केही हिम्मत दिएकाले उनले आफ्नो अवस्था बताइन् । छोरीको कुरा सुनेर कण्व मुसुक्क हाँसे । बाबुको हाँसोले कौतुहलता जागेकाले कारण जान्न चाहिन् । त्यसपछि कण्वले सम्झाउँदै भने

'यो यौवन आरम्भको लक्षण हो पुत्री ! डराउनुपर्दैन ।'

बाबुको कुराले उनको चित्त बुझेन र प्रस्ट पार्न आग्रह गरिन् ।

त्यसपछि कण्वले बेलिबिस्तार लगाउँदै भने-

'हेर छोरी ! तिमी रजोवती भएकी हौ । नारी जातिलाई प्रकृतिले प्रजन शक्ति दिएको हुन्छ । तिमीमा यतिबेला त्यसैको लक्षण देखिएको हो । यसले तिमीमा प्रजनन क्षमता विकास हुँदैछ भन्ने संकेत गरेको छ । प्राकृतिक गुण अनुसार उमेर पुगेका प्रत्येक नारीको शरीरबाट महिनाको एक पटक यसैगरी रगत निस्कने गर्छ, जसलाई रजस्वला भएको भनिन्छ । यही सममा नै नारी जाति गर्भ धारण गर्न सक्षम हुन्छिन् तर तिमी सानै छौ । अहिले त्यो कुरा बुझ्दिनौ । अहिलेलाई यति बुझ पहिलो पटक राजस्वला भएकी हौ । यतिबेला चन्द्र, सूर्य र पुरुष जाति खासगरी बाबु र दाजुको मुख हेर्नु हुँदैन । त्यसैले दाजुहरूलाई भनेर एकान्तमा सानो कोठा बार्न लगाउनेछु, जहाँ तिमीले २१ दिन बस्नुपर्नेछ ।'

बाबुको कुरा शकुन्तलालाई मन परेन र प्रतिवाद गर्दै भनिन्-

'यस्तो कसरी सम्भव हुन्छ बाबा ! एक्लै एकान्त स्थानको चिसो कोठामा २१ दिनसम्म कसरी बस्ने ? नाइ म त बस्दिन ।'

छोरीको कुरा सुनेर कण्वले सम्झाउँदै भने-

'होइन छोरी ! त्यस्तो कुरा नगर । केही गाह्रो त हुन्छ तर यो परम्परा हो । जस्तोसुकै भए पनि धान्नैपर्छ ।'

'यस्तो परम्परा कसले बनाएको हो बाबा ?' शकुन्तलाले जान्न चाहिन् ।

'बनाउन त मानिसले नै बनाएको हो नानी !' कण्वले छोटो उत्तर दिए ।

'त्यसो भए बनाउन सक्नेले तोड्न पनि सक्छ होइन र ?' शकुन्तला अलि कडा मुडमा प्रस्तुत भइन् ।

'अनर्थ अनर्थ, घोर अनर्थ ।' कण्वले रिसाउँदै भने-

'कसरी गऱ्यौ यस्तो कुरा गर्ने हिम्मत ? छोरी मानिस भएर बढी जान्ने हुन खोज्ने होइन बुझ्यौ ? भन्या छु खुरुक्क दाजुहरूले बरिदिएका कोठामा बस्नु ।'

यति भनेर उनी हिँडे । विचरी शकुन्तलाका लागि चुपचाप सहनुको विकल्प थिएन । २१ दिन कालकोठरीमा बिताइन् । दोस्रो पटक पनि त्यस्तै भयो । यतिबेला भने यातना शिविर १४ दिनको तोकियो । तेस्रो पटक पनि यस्तै भयो । यतिबेलाको समय भने सात दिनको थियो । चौथो पटकदेखि चारौँ दिनमा नुवाइ धुवाइ गरेपछि बाहिर आउनसम्म दिइयो तर आश्रमको कामकाज गर्न भने सात दिन कुर्नुपर्ने हुन्थ्यो ।

शकुन्तला कारण जान्न उत्सुक थिइन् । बाबुले रजस्वला हुनु भनेको प्रजननका लागि तयारी हुनु हो मात्र भनेका थिए । यस्तो बेलामा किन एक्लै अँध्यारो कोठामा बस्नुपर्छ भन्ने कुरा भने प्रस्ट पारेका थिएन । त्यसैले एक दिन मृगशावकहरूसित सोधिन् । उनीहरूले आफूहरूलाई थाहा नभएको बताएकाले उनीहरूका आमासित सोधिन् । उनीहरूले भने आश्चर्य मान्दै भने- 'प्रजनन प्रक्रिया त हाम्रो समूहमा पनि हुन्छ । हामी पनि बच्चा जन्माउँछौँ तर यसका लागि अलगै बस्ने चलन भने छैन । छैन मात्र होइन यस्तो कुरा अहिलेसम्म सुनेकासम्म थिएनौँ ।' त्यसपछि उनी बगैँचामा गएर रुख बिरुवाहरूसित सोध्न लागिन् ।

*-रातोपाटी डटकम*

*विचरी शकुन्तलाका लागि चुपचाप सहनुको विकल्प थिएन । २१ दिन कालकोठरीमा बिताइन् । दोस्रो पटक पनि त्यस्तै भयो । यतिबेला भने यातना शिविर १४ दिनको तोकियो । तेस्रो पटक पनि यस्तै भयो । यतिबेलाको समय भने सात दिनको थियो । चौथो पटकदेखि चारौँ दिनमा नुवाइ धुवाइ गरेपछि बाहिर आउनसम्म दिइयो तर आश्रमको कामकाज गर्न भने सात दिन कुर्नुपर्ने हुन्थ्यो । शकुन्तला कारण जान्न उत्सुक थिइन् । बाबुले रजस्वला हुनु भनेको प्रजननका लागि तयारी हुनु हो मात्र भनेका थिए । यस्तो बेलामा किन एक्लै अँध्यारो कोठामा बस्नुपर्छ भन्ने कुरा भने प्रस्ट पारेका थिएन ।*

निबन्ध — जीवन लामा

# डम्फु र मादलले पनि जोगाएको हुन्छ संस्कृति



डम्फु र मादलको तालमा कम्मर नमर्काएका सायद कमै होलान् । ताल मिलाउन नआए तापनि डाङडाङ, डुङडुङ बजाएकै हुन्छन् । गाउँमा सायद मुख्य बाजाको रूपमा लिइन्छ डम्फु र मादललाई । अझ अहिलेको प्रविधि नभित्रिंदा यिनकै भरमा विहे, पूजा, ल्होछार, मेला महोत्सवहरू हुने गर्थे । सदरमुकाम चरिकोटबाट झ्याँकु घर पुग्न गाडीमा ४ घण्टा लाग्छ । चाडपर्वमा म सधैँ घर पुगेकै हुन्छु । अरू बेलाभन्दा चाडपर्व विशेष लाग्छ घर जान । गाउँबाट शहर छिरेका, रोजगारीको सिलसिलामा देश विदेश गएका सबै जनासँग भेटघाट, भलाकुसारी गर्ने अवसर यही चाडपर्व मात्र हो जस्तो लाग्छ । झ्याँकु मिश्रित गाउँ हो । यहाँ तामाङ, शेर्पा, जिरेल, क्षेत्री, दलितहरू रहेका छन् ।

गाउँमा जुनसुकै जातका भएतापनि एक अर्कामा मेलापात, चाडपर्वमा सघाउ पुऱ्याउने गर्छन् । अहिलेसम्म जातीय कारणले धार्मिक, सांस्कृतिक रूपमा झैझगडा भाको मलाई थाहा छैन । गाउँको यही नै ठूलो सम्पत्ति ठान्दछु म । दशैं तिहारमा दलित बस्तीमा थापेको पिङमा मच्ची मच्ची हुइँकेको अहिले जस्तै लाग्छ । सबै बस्ती जोडिएकै भएकाले तिहारमा देउसी भैलो पनि सँगसँगै खेल्ने गर्छौं । अरू चाड पर्वमा पनि दलित, क्षेत्रीको घरमा डम्फु नघन्केको पनि होइन । चाडपर्वलाई रौनकता दिनको लागि मनोरञ्जन नै हो । एक अर्कामा मिलेर रमाइलो गर्न सकेमा मात्र चाडपर्वको महत्व हुन्छ । अझ तिहारमा त सेल रोटी पोलेन भने, देउसी भैलो खेलेन भने, पिङमा खेलेन भने, महिनौदेखि थन्केका मादल, डम्फु घन्केन भने चाडपर्व पूरै खल्लो हुन्छ । यी सबै मिलेमा मात्र चाडपर्वको महत्व बढ्छ । चाडपर्व जीवन्त रहन्छ । संस्कार, संस्कृति जीवित रहन्छ । तर यस पटक यी सबै नभई नभई निधारमा भाइटिका लगाए । निधारमा टिका लगाउन्जेल सम्म तिहार हो कि होइन भन्ने लाग्यो मनमा । हुन त गाउँ शोकमा थियो । अरूलाई आगोले पोलेको घाउमा मलहम लगाई दिने काम गाउँमा हुन्छ । समाजमा हुन्छ । संविधानमा या ऐन कानुनमा जस्तोसुकै उल्लेख गरे तापनि समाज समाज हो । समाज सयौं, हजारौं वर्षदेखि आनै संस्कार, संस्कृतिमा बाँधिएका हुन्छन् । हुर्किएका हुन्छन् । चलेका हुन्छन् । यही त हो गाउँमा बस्दाको मज्जा ।

गत वर्षसम्म यी सबै सबै हुन्थ्यो । भन्नको मतलब डम्फु, मादल घन्किन्थ्यो । छिमेकीमा पुग्दा सेलरोटी खान पाइन्थ्यो । क्लब, समूहको नाममा तीन दिनसम्म देउसी भैलो खेलिन्थ्यो । गाउँमा अक्षयकोष स्थापना गर्न, समाजलाई भाँडाकुँडा किन्न, खेलकुद आयोजना गर्न, धारा कुवा बनाउन, बाटोघोटो सफा गर्नको लागि पनि देउसी भैलो खेलिन्थ्यो । कतिपय अवस्थामा त घरधुरीको नामै डायरीमा टिपेर दक्षिणा उठाएको पनि मलाई अझै ताजै सम्झना छ । अहिलेको प्रविधि, युग अनुसार रातभरि देउसी भैलो खेल्न नसक्ला तर संस्कार, संस्कृतिलाई जीवित राख्नको लागि भएपनि मादल, डम्फु घन्किन आवश्यक ठान्दछु । हिजोको पुस्ताले डोराउँदै, तन्काउँदै सँगाल्दै ल्याएका संस्कृतिलाई पुस्तौँ पुस्तौँसम्म फैलाउने यही डम्फु र मादल हो । यदि यही डम्फुको घेरा फाट्यो भने, मादलको खरी झर्न थाल्यो भने संस्कृति पनि बिलाउँदै, निभ्दै जानेछ । यसपटक गाउँमा धेरै शून्यता छाएको पाएँ । गाउँमा कुनै ठूलै घटना पर्यो भने पनि सहयोग गर्ने मान्छे देखिएन । रोजगारी, अध्ययनको सिलसिलामा अधिकांश मान्छेहरू शहर, विदेश, बसाइसराइ गरेको पाएँ । २०७२ सालको भूकम्पले बल्लतल्ल उठेको गाउँघर अहिले पुन: सुतेको पाए । अधिकांशको घरमा ताल्चा झुण्डेको देखेँ । बारी बाँझो छन् । बारीमा कोदो, फापर, तोरी उम्रिनु पर्नेमा बनमारा, सोतार, सिरु उम्रेका छन् । कतिपयको घरमा ज्येष्ठ नागरिकबाहेक कोही युवा देखिँदैनन् । भूकम्पपछि घरै घरले भरिएको गाउँ अहिले मान्छेको खोजीमा छन् घरहरू ।

अधिकांश युवाहरूले विकास खोजेका छन् । रोजगार खोजेका छन् । तर गाउँमा विकास नभएको होइन । विकास केलाई भन्ने त्यो महत्त्वपूर्ण कुरा हो । यदि विकासलाई सडक, खानेपानी, ठूलाठूला भवन, विद्यालय, स्वास्थ्य चौकी, बिजुली, नेट इन्टरनेट, सञ्चारसँग जोड्ने हो भने यी सबै गाउँमा पुगेको छ । सामान्य नागरिकको हातमा पनि स्मार्ट फोन छ । देश विदेशमा रहेका आफन्तजनसँग भिडियो कल गरेको देखिन्छ । तर गाउँमा मान्छे छैनन् । मेरै घरनजिक नेपाल भारतमैत्रीको सहयोगमा पाँचतारे होटलसरह मानेडाँडा माविको भवन ठडिएको छ । विदेशीकै सहयोगमा सुविधा सम्पन्न झयाँकु स्वास्थ्य चौकीको पक्की भवन बनेको छ । घरमुन्तिरैबाट दैनिक दर्जनौं यातायातको सवारी साधन गुडिरहेको सडक निर्माण भएको छ । घरको आँगन छेउमै नियमित खानेपानीको धारा बनेको छ । इन्टरनेटको व्यवस्था छ । राष्ट्रिय प्रसारणको बिजुली छ । घर नजिकैको करेसाबारीमा किवी, कागती, भेन्टा फलेको छ । आँगनभरि अलैँची सुकाएका छन् साहिँली भाउजूले । यसो गाउँको वातावरण नियाल्दा सबै कुराले भरिपूर्ण देखिन्छ । तर युवाहरू गाउँमा टिकाउने कसले ? के भयो भने गाउँमै युवाहरूलाई टिकाउन सकिन्छ । नत्र भने मादल र डम्फु मात्र थन्केको होइन, हाम्रो संस्कार संस्कृति पनि थन्किन लागेको हो कि ? एक वर्ष थन्केको डम्फु, मादल अर्को वर्ष थन्किन्छ कि घन्किन्छ ? मलाई मादल र डम्फुको चिन्ता होइन संस्कृतिको चिन्ता हो । यदि मादल र डम्फु मर्यो भने संस्कृति मर्छ । संस्कृति मर्यो भने समाज मर्छ । समाज मर्यो भने गाउँनै मर्छ । तसर्थ बेलैमा संस्कृति संरक्षणमा लागौँ ।

*-साहित्यपोष्ट डटकम*

*गाउँमा जुनसुकै जातका भएतापनि एक अर्कामा मेलापात, चाडपर्वमा सघाउ पुऱ्याउने गर्छन् । अहिलेसम्म जातीय कारणले धार्मिक, सांस्कृतिक रूपमा झैझगडा भाको मलाई थाहा छैन । गाउँको यही नै ठूलो सम्पत्ति ठान्दछु म । दशैं तिहारमा दलित बस्तीमा थापेको पिङमा मच्ची मच्ची हुइँकेको अहिले जस्तै लाग्छ । सबै बस्ती जोडिएकै भएकाले तिहारमा देउसी भैलो पनि सँगसँगै खेल्ने गर्छौं । अरू चाड पर्वमा पनि दलित, क्षेत्रीको घरमा डम्फु नघन्केको पनि होइन । चाडपर्वलाई रौनकता दिनको लागि मनोरञ्जन नै हो । एक अर्कामा मिलेर रमाइलो गर्न सकेमा मात्र चाडपर्वको महत्व हुन्छ । अझ तिहारमा त सेल रोटी पोलेन भने, देउसी भैलो खेलेन भने, पिङमा खेलेन भने, महिनौदेखि थन्केका मादल, डम्फु घन्केन भने चाडपर्व पूरै खल्लो हुन्छ ।*

विजय पान पसल
तानसेन-३, भगवतीटोल, पाल्पा
हामीकहाँ विभिन्न किसिमका पान पाइन्छ ।
सम्पर्क: ९८६७३५५८९६

# राष्ट्रिय सभा सदस्यको निर्वाचन माघ ११ मा




**पाल्पा,** मंसिर १३/सरकारले राष्ट्रिय सभा सदस्यको निर्वाचन आगामी माघ ११ गते गर्ने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले रिक्त राष्ट्रिय सभा सदस्य पदका लागि उक्त समयमा निर्वाचन गर्ने निर्णय गरेको हो ।

निर्वाचन आयोगको परामर्शबमोजिम सो दिन निर्वाचन गर्ने निर्णय गरिएको बताइएको छ । राष्ट्रियसभाबाट अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित २० सांसद्को आगामी फागुन २१ गतेदेखि कार्यकाल सकिदै छ । विसं २०७४ मा राष्ट्रियसभा गठनपछि पहिलो पटक दुई, चार र छ वर्षे कार्यकालका लागि गोला प्रथाका माध्यमबाट निर्धारण भएका सबै सांसद्को कार्यकाल सकिन लागेको हो । राष्ट्रिय सभामा प्रत्येक दुई वर्षमा रिक्त हुने एकतिहाइ सदस्य पदको निर्वाचन हुँदै आएको छ । राष्ट्रिय जनगणना २०७८ को नतिजाबमोजिम राष्ट्रिय सभा सदस्यको अब रिक्त हुने पदको निर्वाचनका लागि मतदाता रहेका प्रदेश सभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगबाट निर्णय भइसकेको छ ।

निर्वाचन ऐन, २०७५ मा राष्ट्रिय सभाको निर्वाचनमा प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखले मतदान गर्ने निर्वाचक मण्डलको व्यवस्था रहेको छ ।

**को कसको सकिँदै छ पदावधि ?**

नेपाली काँग्रेसबाट अनिता देवकोटा, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र रमेशजङ रायमाझी, नेकपा (एमाले) बाट इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौँदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राई, (नेकपा माओवादी केन्द्र) बाट बिना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, जनता समाजवादी पार्टी (जसपा) बाट प्रमिला कुमारी, नेकपा (एकीकृत समाजवादी) बाट नन्दा चपाइँ र सिङबहादुर विश्वकर्मा, स्वतन्त्र डा खिमलाल देवकोटा तथा र मनोनित डा विमला पौड्यालको कार्यकाल सकिन लागेको हो ।

# सुनको भाउमा लगातार नयाँ रेकर्ड, इतिहासकै उच्च



**पाल्पा,** मंसिर १३/नेपालमा बिहेको लगन सुरु भइरहँदा निरन्तर नयाँ रेकर्ड बनाउँदै सुनको भाउ बढिरहेको छ । नेपाली बजारमा सुनको भाउले बुधबार पनि नयाँ रेकर्ड कायम गरेको छ । मंगलबार प्रतितोला एक लाख १७ हजार सात सयले नयाँ रेकर्ड राखेको सुनको मूल्यले बुधबार १ लाख १९ हजार तीन सय पुगेर हालसम्मकै उच्च मूल्य कायम गरेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार छापावाल सुनको मूल्य प्रतितोला १ लाख १९ हजार तीन सय र तेजाबी सुनको मूल्य प्रतितोला १ लाख १८ हजार सात सय ५० कायम भएको छ । यो सुनको मूल्य इतिहासकै सबैभन्दा उच्च भएको हो । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढेसँगै स्थानीय बजारमा पनि त्यसको प्रभाव परेको छ । मंगलबार सुनको मूल्य प्रतितोला एक लाख १७ हजार सात सय र तेजाबी सुनको मूल्य प्रतितोला एक लाख १७ हजार एक सय ५० मा कारोबार भएको थियो । त्यस्तै तेजाबी सुनको मूल्य प्रतितोला एक लाख १६ हजार आठ सय ५० रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै चाँदी भने तोलाको १ हजार ५ सय २० रुपैयाँ रहेको छ । मंगलबार चाँदीको भाउ प्रतितोला १ हजार ५ सय रुपैयाँ थियो । गत कार्तिक १२ गते सुनको भाउ प्रतितोला १ लाख १६ हजार ४ सय ५० रुपैयाँ कायम भएको थियो । त्यसपछि कात्तिकमा लगातार जसो सुनको मूल्यमा गिरावट आएको थियो । कार्तिक २७ गते प्रतितोला १ लाख १२ हजार ६ सय ५० रुपैयाँमा कारोबार भएको छापावाल सुन मंसिर लागेसँगै बढ्न थालेको हो ।

## खेलकुद समाचार

### एनटीए लिग तेक्वान्दो च्याम्पियनसिप मंसिर १४ देखि

**काठमाडौं,** मंसिर १३/नेपाल तेक्वान्दो संघको आयोजनामा यही मंसिर १४ देखि दोस्रो एनटीए लिग तेक्वान्दो च्याम्पियनसिप हुने भएको छ । संघले बुधबार विज्ञप्ति जारी गर्दै च्याम्पियनसिप मंसिर १४ देखि १६ गतेसम्म हुने जानकारी गराएको हो ।

संघले गत वर्ष पहिलो संस्करणको सफलतापूर्वक आयोजना गरिसकेको र दोस्रो संस्करणमा पनि खेलाडीहरुको उल्लेख्य सहभागिता हुने जनाएको छ । प्रतियोगितामा पुम्से र ग्यरोगी गरी कूल ७२ स्वर्ण पदकका लागि जम्मा ६५० जना खेलाडीहरुले यस प्रतियोगितामा सहभागिता जनाउने तेक्वान्दो संघले जनाएको छ । प्रतियोगितालाई व्यवस्थित र सफल रुपमा आयोजना गर्न संघका उपाध्यक्ष भानबहादुर चन्दको अध्यक्षतामा आयोजक समिति गठन गरिएको छ । प्रतियोगितामा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपालभरिका खेलाडीहरुको सहभागिता हुनेछ । प्रतियोगितामा चिल्ड्रेन एण्ड क्याडेट डिभिजन (१४ वर्ष मुनि), जुनियर डिभिजन (१४-१७ वर्ष) र सिनियर डिभिजन (१८ वर्षमाथि) गरी तीन फरक विधामा खेलाइनेछ । क्याडेटमा महिलातर्फ ५ र पुरुषतर्फ ५ गरी १०, जुनियरमा महिलातर्फ ८ र पुरुषतर्फ ८ गरी कूल १६, तथा सिनियरतर्फ पनि महिलामा ८ र पुरुषमा ८ गरी १६ तौल समूहमा प्रतिस्पर्धा गराइनेछ । संघले धेरै प्रतियोगिताहरुको आयोजना गरी खेलाडीहरुलाई अत्याधिक रुपमा सहभागिता गराउने र सबैलाई अवसर प्रदान गर्दै खेलाडीहरुहरुको प्रतिभा प्रष्फुटन र अनुभव वृद्धि गर्नका लागि यस प्रकारका प्रतियोगिताहरुको नियमित रुपमा आयोजना गर्दै आएको र यसबाट भविष्यका लागि राष्ट्रिय खेलाडीहरुको उत्पादन र पहिचानमा टेवा पुग्ने विश्वास संघको छ । संघले यस प्रतियोगिताबाट खेलाडीहरुको राष्ट्रिय वरियता क्रम मापन गरी सोही बमोजिम स्तर र वर्गीकरण गर्ने भएको छ । प्रतियोगिता सातदोबाटोस्थित नेपाल तेक्वान्दो संघको केन्द्रीय एकेडेमी भवनस्थित सञ्चालन हुनेछ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सेयर बजारमा लगातार गिरावट



**पाल्पा,** मंसिर १४/पछिल्ला केही दिन यता सेयर कारोबार मापक नेप्से परिसुचकमा लगातार गिरावट आएको छ । मंगलबार दुई दशमलव १७ अंकले घटेको नेप्से बुधबार भने १७ दशमलव ९३ अंकले घटेको हो ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से) का अनुसार बुधबार घटेको नेप्से परिसुचक १ हजार ८ सय ७६ दशमलव ६० विन्दुमा कायम भएको छ । सोमबार ११.२७ अंकले घटेको नेप्से मंगलबार दुई दशमलव १७ अंकले घटेको थियो । बुधबार ३३ लाख ५९ हजार ६ सय १ कित्ता सेयर खरिदबिक्री हुँदा १ अर्ब १ करोड ४१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । कुल ४२ कम्पनीको मूल्य बढ्यो भने १ सय ९० कम्पनीको मूल्य घट्यो । ७ वटा कम्पनी स्थिर रहे । नेप्सेका अनुसार सबै उपसमुह घटे । त्यसमध्ये अन्य उपसमुह मात्रै २ दशमलव ३९ अंकले बढ्यो । जीवन बिमा १ सय ५९ दशमलव २५, निर्जीवन बिमा १ सय ५४ दशमलव ६३, उत्पादन तथा प्रशोधन १ सय ६ दशमलव ९६ अंकले घट्यो । होटल तथा पर्यटन ५५ दशमलव ४६ र विकास बैंक ४६ दशमलव ७० अकंले घट्यो । विजय लघुवित्त वित्तीय संस्था ९ दशमलव ८८, कुमारी धनवृद्धि योजना ३ दशमलव ६३, सिटिजन्स म्युचअल फुन्ड २ ३.५५ प्रतिशतले कमाए । बुद्धभूमि नेपाल हाइड्रोपावर ९ दशमलव ९८, अभियान लघुबित्त वित्तीय संस्था ७, माहुलि लघुवित्त वित्तीय संस्था ५ दशमलव ३० प्रतिशतले गुमाए । कारोबारको आधारमा सोनापुर मिनरल्स सबैभन्दा अगाडि रहे । सोनापुर मिनरल्सको ६ करोड २८ लाख कारोबार भएको छ । एनआइसी एसिया डेबेन्चर (८१/८२) को ५ करोड ३ लाख, सिटिजन लाइफ इन्स्योरेन्स ३६ करोड ८० लाख कारोबार भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई